दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक २४५ | बुटवल | २०८३ असोज ०२, शुक्रबार | नेपाल संवत ११४६ | Friday September 18, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

## विज्ञापनको रकम कटौतीप्रति सांसद राईको आपत्ति



बुटवल । श्रम संस्कृति पार्टीका प्रमुख सचेतक आरेन राईले छापा सञ्चारमाध्यमलाई उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने सरकारको निर्णयप्रति आपत्ति जनाएका छन् ।

प्रतिनिधि सभाको बिहीवारको बैठकमा बोल्दै उनले चालु आर्थिक वर्षको बजेटमा विनियोजन गरिएको लोककल्याणकारी विज्ञापनको रकम सूचना तथा सञ्चार मन्त्रालयले कार्यविधिमार्फत् घटाउने निर्णय गर्नु संसदको अधिकार र सार्वभौमिकताको अपमान भएको बताए ।

सरकारले २०८३ भदौ ५ गते कार्यविधिमार्फत् लोककल्याणकारी विज्ञापनको रकम घटाउने निर्णय गरेको थियो । प्रमुख सचेतक राईले लोकतन्त्र, प्रेस स्वतन्त्रता र नागरिकको सूचनाको हकका लागि सञ्चारमाध्यमले निर्वाह गरेको भूमिकालाई ध्यानमा राख्दै लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्नुको सट्टा समयअनुकूल वृद्धि गर्न सरकारको ध्यानाकर्षण गराएका हुन् ।

'आर्थिक वर्ष २०८३/८४ को बजेटमा विनियोजन भएको लोक कलयाणकारी विज्ञापनको रकमलाई भदौ ५ गते सूचना तथा सञ्चार मन्त्रालयबाट जारी गरिएको कार्यविधिमार्फत् घटाउने र नियन्त्रण गर्ने कार्य संसदको अधिकार र सार्वभौमिकताको अपमान हो । कहिले प्रधानमन्त्रीको फेसबुकबाट, कहिले मन्त्रीको निर्णयबाट संसदबाट पारित बजेट माथि छेडछाड गर्ने कार्य कति विधिसङ्गत छ ?,' उनले प्रश्न गर्दै भने-'लोकतन्त्र, प्रेस स्वतन्त्रता र नागरिकहरुको सूचनाको हकका लागि अतुलनीय भूमिका खेलिरहेका सञ्चारमाध्यमलाई प्रोत्साहन गर्नुको सट्टा सामाजिक सञ्जाललाई नै अन्तिम सत्य ठान्ने प्रवृत्तिलाई लोकतन्त्रको लागि सङ्घर्ष गरेका ऐतिहासिक नेपाली छापा तथा सञ्चार माध्यमहरुको इतिहास र महत्त्व थाहा छैन भने एकपटक इतिहास अध्ययन गर्न म सरकारलाई आग्रह गर्न चाहन्छु ।' उनले सरकारको सामाजिक सञ्जाललाई मात्र सूचनाको अन्तिम स्रोत मान्ने प्रवृत्तिप्रति प्रश्न उठाउँदै नेपाली छापा सञ्चारमाध्यमको ऐतिहासिक भूमिका र महत्त्वलाई बेवास्ता नगर्न आग्रह गरे ।

'त्यसैले लोक कल्याणकारी विज्ञापनलाई कटौती गर्ने संशोधित कार्यविधि तत्काल खारेज गरियोस् । रकम घटाउने होइन समय अनुकूल वृद्धि गरियोस् । निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापनबाट निषेध गर्ने सरकारी निर्णय सम्मानित सर्वोच्च अदालतले खारेज गरिसकेको सन्दर्भमा सरकार सरकारी विज्ञापन वितरण प्रणालीलाई पारदर्शी र प्रभावकारी र सम्मान ढङ्गले चाहिँ अगाडि बढाओस् भन्न चाहन्छु ।'- उनले भने ।

## रास्वपाको नियत संविधानको मर्ममै प्रहार : वर्षमान



बुटवल । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)नेता वर्षमान पुन अनन्तले संविधानका मूल आधारमै प्रहार गर्ने गरी संशोधनको प्रयास गरिए मुलुक फेरि द्वन्द्वतर्फ धकेलिन सक्ने चेतावनी दिएका छन् ।

१२औं संविधान दिवसका अवसरमा नेसनल लेजिस्लेटिभ एकेडेमीद्वारा बिहीबार राजधानीमा आयोजित 'संविधान कार्यान्वयनको दोस्रो दशकः अवसर र चुनौती' विषयक कार्यक्रममा पुनले गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशिताजस्ता संविधानका आधारभूत पिलर कमजोर पार्ने गरी संशोधन गर्न खोजिए मुलुक फेरि द्वन्द्वमा फस्ने चेतावनी दिएका हुन् ।

पुनले संविधानप्रतिको प्रतिबद्धता स्पष्ट गर्न सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई आग्रह गरे । आममानिसले रास्वपाबाट संविधानप्रतिको स्पष्ट प्रतिबद्धता खोजेको उनको भनाइ थियो। पुनले संविधान निर्माण प्रक्रियामा प्रत्यक्ष भूमिका नखेलेका नयाँ राजनीतिक शक्तिहरू राज्य सञ्चालनको केन्द्रमा पुगेपछि उनीहरूको संविधानप्रतिको प्रतिबद्धतामाथि प्रश्न उठ्नु स्वाभाविक भएको बताए । संशोधनको नाममा पुनर्लेखन गर्न खोजिएको शंका भएपछि संविधान संशोधन बहस कार्यदलमा रास्वपाबाहेक दल सहभागी नभएको पुनले बताए। पुनले प्रधानमन्त्री बालेन्द्र शाहका सल्लाहकार अषिम साह नेतृत्वको कार्यदल रास्वपा एक्लैको भएको उल्लेख गरे ।

कार्यदलले संविधानका अधिकांश धारामा संशोधन गर्ने गरी प्रतिवेदन दिएको र त्यसो गरिए संशोधन नभई पुनर्लेखन हुने तर्क पुनले गरे । पुनले संविधान लामो संघर्ष, त्याग र बलिदानबाट निर्माण भएको भन्दै त्यसको मूल संरचना नै अस्वीकार गर्ने प्रयासले अर्को द्वन्द्व निम्त्याउन सक्ने चेतावनी दिए । 'संविधान संशोधनको कार्यदल बन्यो । अरु दलहरुलाई स्वीकार्य भएन । रास्वपाको मात्र कार्यदलजस्तो भयो । संशोधनको आधार पेपर बनाएर रुलिङ पार्टीले पेश गर्ने र अरुसँग सहमति गर्दै जानुपर्ने थियो । सबै धारामा संशोधन भनेर संविधान पुनर्लेखन जस्तो परिमार्जन गर्न खोज्नुभयो । यसरी त नयाँ जस्तो हुन्छ । त्यसरी कसरी रहन्छ संविधान ?', उनले भने-'अहिलेको संविधान ठूलो त्याग र तपश्या बलिदानबाट आएको हो । यसलाई नकार्ने काम भयो भने फेरि अर्को द्वन्द्व हुन्छ। पावर ब्यालेन्स बिग्रन्छ ।'

उनले थपे, 'संविधानका गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशीता, जस्ता फण्डेशनहरु जो छन् यस्ता फाउण्डेशनमै हान्ने वा पुनर्लेखनतिर जाँदा अर्को द्वन्द्वतिर जान्छ कि भन्ने मेरो आफ्नो धारणा छ ।'

» बाँकी ३ पेजमा

### सांसद क्रान्तिशिखामाथि धम्की प्रकरण :

# कारबाही गर्न रास्वपा महामन्त्रीको माग

**लुम्बिनी संवाददाता**
*बुटवल*





राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का महामन्त्री एवं सांसद विपिन आचार्यले फरक विचार राखेकै आधारमा सांसदहरूमाथि भौतिक आक्रमण गर्ने धम्की आउनु अभिव्यक्ति स्वतन्त्रतामाथिको ठाडो प्रहार भएको बताएका छन् । प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले यस्ता अतिवादी धम्की दिनेहरूलाई तत्काल कानुनी दायरामा ल्याउन सरकारसँग माग गरे ।

हालै मात्र रास्वपाकी सचेतक क्रान्तिशिखा धितालको अभिव्यक्तिमा आपत्ति जनाउँदै जेनजी सहिदका परिवारले उनलाई सदनबाट घिसार्ने चेतावनी दिएका थिए ।

साथै, गृहमन्त्री सुदन गुरुङलाई तलमाथि गरेमा देशमा अर्को ठूलो रक्तपात मच्चाउने पनि उनीहरुले बताएका थिए । त्यही सन्दर्भमा आचार्यले यस्तो बोलेका हुन् । संसद बैठकमा बोल्दै महामन्त्री आचार्यले प्रसिद्ध फ्रान्सेली दार्शनिक भोल्तायरको भनाइ स्मरण गरे ।

उनले भने-'म तिम्रो कुरासँग असहमत हुन सक्छु तर तिम्रो बोल्ने अधिकारको रक्षाका लागि अन्तिम साससम्म लडिरहनेछु । भोल्तायरको यो भनाइले अभिव्यक्तिको स्वतन्त्रता र लोकतान्त्रिक सहिष्णुताको सर्वोच्च मापदण्ड हुनुपर्छ भन्ने कुरालाई स्पष्ट रूपमा बोल्छ ।'

नेपालको संविधानले पनि अभिव्यक्ति स्वतन्त्रतालाई नागरिकको मौलिक हकका रूपमा ग्यारेन्टी गरेको उनले उल्लेख गरे । फरक मत राख्ने जनप्रतिनिधिहरूमाथि भइरहेको अराजक र हिंसात्मक चेतावनीप्रति आपत्ति जनाउँदै उनले भने-'फरक विचार राखेकै कारण सांसदहरू विरुद्ध खुल्लमखुल्ला सिंहदरबारकै गेट अगाडि लतार्ने, घिसार्ने, घर जलाउने र रक्तपात मच्चाउने जस्ता प्रथमदृष्टिमै खारेजयोग्य धम्की आउनु अभिव्यक्ति स्वतन्त्रतामाथिको ठाडो प्रहार हो ।'

यस्ता गतिविधिले लोकतन्त्र र कानुनी शासनलाई चुनौती दिएको भन्दै उनले गृह मन्त्रालय र प्रधानमन्त्री कार्यालयको ध्यानाकर्षण गराइसकेको जानकारी दिए । 'यी अतिवादी धम्की दिनेहरूलाई कानुनी कारबाहीको दायरामा ल्याइयोस् भनेर मैले गृहमन्त्रीज्यू र प्रधानमन्त्री कार्यालयलाई आग्रह गरिसकेको छु ।'- आचार्यले भने।

सभामुखमार्फत संसदको ध्यानाकर्षण गराउँदै उनले तथ्यपरक रूपमा आवाज उठाउने सांसदहरूको मनोबल उच्च राख्न संसदले नै अभिभावकीय भूमिका खेल्नुपर्ने बताए । उनले थपे-'म चाहन्छु, यस सम्मानित संसदले तथ्यमा टेकेर बोल्ने आफ्ना हरेक सांसदलाई साहस देओस् र भनोस्- 'बोल्न नडराउनु, हामी तिमीसँगै छौं ।'

जेनजी शहीद परिवार कल्याणकारी समाज र घाइते जेनजी नेपालले भदौ २९ गते सोमबार सिंहदरबार दक्षिण गेट बाहिर प्रदर्शनसहित पत्रकार सम्मेलन गर्दै भदौ २४ को आफूहरुको कार्यक्रमलाई अपमान हुनेगरी सांसद धितालले अभिव्यक्ति दिएको भन्दै आपत्ति जनाएका थिए ।

जेनजी शहीद परिवार कल्याणकारी समाजका सचिव ठाकुरनाथ गौतमले शहीद परिवारलाई कहिल्यै कुनै प्रकारको सहयोग वा साथ नदिएको तर उल्टै अपमान गर्ने अधिकार कसैलाई नभएको बताए ।

शहीद परिवार र घाइतेहरूको त्याग तथा बलिदानलाई हल्का रूपमा लिएर सचेतक धितालले सार्वजनिक रूपमा तल्लोस्तरको अभिव्यक्ति दिएको आरोप उनीहरूको थियो । जेनजी शहीद प्रथम स्मृति दिवसलाई कन्सर्टका रूपमा मनोरञ्जन क्षेत्रसँग जोडेर राजनीतिक जिम्मेवारीमा रहेका व्यक्तिहरूले जनता र पीडितहरूको भावनामाथि चोट पुऱ्याएको उनीहरूको तर्क छ ।

सांसद धितालको अभिव्यक्तिको पार्टीले गम्भीर समीक्षा गरी आफ्नो संस्थागत धारणा सार्वजनिक गर्नुपर्ने आफूहरूको माग रहेको उनको भनाइ छ ।

साथै, शहीद परिवार र घाइते समुदायलाई चोट पुऱ्याउने अभिव्यक्तिविरुद्ध रास्वपाले आवश्यक कदम चाल्नुपर्ने, शहीद तथा घाइतेहरूको योगदानलाई दलीय राजनीतिक स्वार्थभन्दा माथि राखी राष्ट्रिय सम्मानको विषय बनाउनुपर्ने उनीहरूको जिकिर थियो । धितालले शहीद परिवार र आन्दोलनका घाइतेको पीडा सम्बोधन नगरी भव्य मञ्च तथा विवादास्पद धर्मगुरुको सहभागितासहित कार्यक्रम गर्नुको औचित्यमाथि प्रश्न उठाएकी थिइन् ।

जेनजीको आवाज उठाउने र सरकारका काममाथि प्रश्न गर्नेहरूले पनि कार्यक्रमको स्वरूपबारे हस्तक्षेप गर्न नसकेको भन्दै उनले असन्तुष्टि जनाएकी थिइन् । धितालले जेनजी आन्दोलनको एक वर्ष पुगेको अवसरमा आयोजित स्मृति कार्यक्रममाथि गम्भीर प्रश्न उठाएकी थिइन् ।

मंगलबार नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र (बीआईसीसी) अगाडि आयोजित जेनजी शहीदहरूको स्मृति कार्यक्रमको स्वरूपप्रति तीव्र असन्तुष्टि जनाउँदै उनले यसले शहीद र घाइतेहरूको अपमान गरेको महसुस भएको बताएकी छन् ।

सामाजिक सञ्जाल फेसबुकमा एक स्टाटस लेख्दै सचेतक धितालले कार्यक्रममा धर्मगुरुहरूको उपस्थिति र मञ्च व्यवस्थापनमाथि आपत्ति जनाएकी हुन् । 'मलाई थाहा छैन, त्यो स्टेज किन त्यसरी खडा गरियो ? त्यहाँ भएका धर्मगुरुको अर्थ के थियो ? त्यो कार्यक्रमले ती परिवारको पीडा कसरी सम्बोधन गऱ्यो, जसले आफ्ना सन्तान गुमाएका छन् ?' -उनले प्रश्न गरेकी छन् ।

जसले जेनजीको आवाज अगाडि बढाए, उनीहरूले नै यस्तो कार्यक्रम रोक्न किन हस्तक्षेप गर्न सकेनन् भन्दै उनले पछिल्लो एक वर्षमा नेपाली समाजले 'अरूको पीडा महसुस गर्ने क्षमता' नै गुमाएको टिप्पणी गरेकी छन् । सचेतक धितालले सत्तामा पुगेपछि आफ्नै पार्टी र नेतृत्वको कार्यशैली निरंकुश बन्दै गएको संकेत गर्दै तीखो आत्मालोचनासमेत गरेकी छन् । अघिल्लो वर्ष प्रेस स्वतन्त्रताको रक्षा र तत्कालीन सत्ताको निरंकुशताको विरोधमा सडकमा उत्रिएको स्मरण गर्दै उनले अहिले आफूहरूमाथि प्रश्न गर्नेहरूलाई धम्की र चेतावनीको भाषा प्रयोग गरिएको भन्दै असन्तुष्टि पोखेकी छन् ।

गृहमन्त्री सुधन गुरुङले स्मृतिसभामा सम्बोधनको क्रममा धम्कीको भाषा बोलेका थिए । 'त्यो बेलाको सरकारले अभिव्यक्ति स्वतन्त्रता हनन गऱ्यो भनेर सडकमा गएका थियौँ । के आज हामी अभिव्यक्ति स्वतन्त्रतालाई बल पुग्ने काम गर्दैछौँ ? कि हामी बाँकी अधिकारको पनि तेजोबध गर्न उद्यत छौँ ?' आफ्नै नेतृत्वको सरकारको रवैयातर्फ लक्षित गर्दै उनले प्रश्न गरेकी छन् ।

अरूले मात्रै सुध्रिनुपर्ने तर आफूहरूले सुध्रिनु नपर्ने प्रवृत्तिको विरोध गर्दै उनले सोधेकी छन्- 'यही दिन देख्नलाई थियो महान् सहिदहरूको बलिदान ?'

जेनजी स्मृति दिवसको कार्यक्रममा दुई विवादित धर्मगुरुलाई मञ्चमा राखेको भन्दै प्रश्न उठाएकी आफ्नै पार्टीकी सांसद तथा सचेतकलाई गृहमन्त्री सुधन गुरूङले ह्वाट्सएप ग्रुपमा हप्काएका थिए ।

झन्डै एक दर्जन जेनजी सांसदहरू रहेको ह्वाट्सएप ग्रुपमा गृहमन्त्री गुरूङ रास्वपा सचेतक क्रान्तिशिखा धितालमाथि हेपाहा शैलीमा प्रस्तुत भएको संवाद बाहिरिएको थियो । उनले 'खोला तऱ्यो, लौरो बिर्सयो' भन्दै क्रान्तिशिखालाई जेनजी आन्दोलनमा आफूहरूसँग नलडेको भन्दै प्रश्न गरेका थिए ।

जबाफमा धितालले गृहमन्त्रीज्यू तपाईंको तमिज भएन' भन्दै 'जेनजीको आन्दोलन तपाईं एक्लैको हो भन्ने भ्रमबाट निस्कन' भनेकी थिइन् । 'मलाई थाहा छैन, त्यो स्टेज किन त्यसरी खडा गरियो ? त्यहाँ भएका धर्मगुरूको अर्थ के थियो ?,' उनले लेखेकी थिइन्- 'त्यो कार्यक्रमले ती परिवारको पीडा कसरी सम्बोधन गऱ्यो, जसले आफ्ना सन्तान गुमाएका छन्, जसका शरीरमा आज पनि आन्दोलनका घाउ छन्, तिनले के बुझे, मलाई थाहा छैन ।'

त्यसै दिनको कार्यक्रममा गृहमन्त्री गुरूङले पत्रकारहरूलाई धम्की दिएका थिए । उनले 'तीन-चार जना पत्रकारलाई सुध्रन' चेतावनी दिएका थिए । यद्यपि उनले कसलाई लक्षित गरेको हो भन्ने खुलाएका थिएनन् ।

कार्यक्रमपछि धितालले गृहमन्त्रीको उक्त अभिव्यक्तिमाथि समेत प्रश्न उठाएकी थिइन् ।

'पोहोर साल हामीले नै होइन प्रेस स्वतन्त्र होस्, सत्ता निरंकुश नबनोस्, जसको जुन स्थान हो, ऊ त्यही स्थानमा बसोस् भनेर सडकमा उत्रिएको ?,' उनले फेसबुकमा लेखेकी थिइन्-'हामीले राज्यलाई प्रश्न गरेका थियौँ। सत्तालाई विनम्र हुन भनेका थियौं ।' उनले प्रश्न गरेकी थिइन्, 'अहिले आफूहरूमाथि प्रश्न गर्नेहरूलाई किन धम्की र चेतावनीको भाषा बोलिँदैछ ?' 'त्यो बेलाको सरकारले अभिव्यक्ति स्वतन्त्रता हनन गरेको भनेर सडकमा गएका थियौं हामी । के आज हामी अभिव्यक्ति स्वतन्त्रतालाई बल पुग्ने काम गर्दैछौं ?' क्रान्तिशिखाले लेखेकी थिइन् ।

यही स्ट्याटसपछि जेनजी सांसदहरू रहेको ह्वाट्सएप ग्रुपमा गृहमन्त्री गुरूङ र सचेतक धितालबिच चर्काचर्की भएको हो ।

» बाँकी ३ पेजमा

### भोटेकोसी बाढीको कहर :

# ६ सय भैंसी, १५ हजार बंगुर र २ लाख कुखुरा नष्ट




बुटवल । भोटेकोसी नदीमा आएको विनाशकारी बाढीबाट रसुवा र नुवाकोट क्षेत्रमा मात्रै करिब ६०० भैंसी, १५ हजार सुँगुर-बंगुर र २ लाख व्यावसायिक कुखुरा नष्ट भएको तथ्यांक सार्वजनिक भएको छ।

बाढी प्रभावित क्षेत्रमा तेस्रो चरणको स्थलगत अनुगमन तथा पशुपन्छी स्वास्थ्य सहयोगका लागि पुगेको नेपाल भेटेरिनरी एशोसिएसन (एनभीए)को टोलीले स्थानीय पशु चिकित्सक, पशु सेवा कार्यालय, संघसंस्था तथा स्थलगत अध्ययनबाट उक्त क्षतिको विवरण संकलन गरेको हो ।

एशोसिएसनको ९ सदस्यीय टोलीले भदौ २९ देखि ३१ गतेसम्म रसुवा, नुवाकोट र धादिङका विभिन्न बाढी प्रभावित क्षेत्रमा पुगेर पशुधनमा भएको क्षति, उद्धार तथा उपचारको अवस्था र बाढीपछि फैलिन सक्ने संक्रामक रोगको जोखिमबारे स्थलगत जानकारी लिएको थियो ।

एशोसिएसनका महासचिव डा. शंकर न्यौपानेका अनुसार बाढीको तीव्र बहावका कारण पशुपन्छीमा ठूलो क्षति पुगेको हो । बाढीपछि जीवित तथा घाइते पशुपन्छी फेला पार्ने सम्भावना समेत न्यून रहेकाले क्षतिको वास्तविक विवरण अझ बढ्न सक्ने अवस्था रहेको उनले बताए ।

'बाढीले पशुधनमा ठूलो क्षति पुऱ्याएको प्रारम्भिक विवरण प्राप्त भएको छ, तत्कालको राहतसँगै बाँकी पशुपन्छीको स्वास्थ्य सुरक्षा, रोग नियन्त्रण र कृषकको जीविकोपार्जन पुनर्स्थापनामा ध्यान दिनुपर्ने अवस्था छ ।'- महासचिव न्यौपानेले भने ।

» बाँकी ३ पेजमा

गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- गाउँपालिकामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।

नेत्रप्रसाद पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम पाण्डे
अध्यक्ष

सत्यवति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, जोहाङ् गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# कानुन निर्माणमा खेलाँची

वर्तमान सरकारको मन्त्रीपरिषद्को पहिलो बैठकले 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' सार्वजनिक गर्दै कानुन निर्माण र संशोधनमा समयसीमा तोकेर कानुन निर्माणलाई प्राथमिकता दिने स्पष्ट पारेको थियो, तर त्यो समयसीमा गुज्रदै गर्दा सरकार बाटो बिराएको बटुवा झैं भएको छ। समयसीमा र कानुन निर्माणको प्रक्रियाबिच तालमेल नमिल्दा सरकारको प्राथमिकता ओझेलमा परेको छ।

सरकारले चाहेको काम गर्नका लागि कानुनको आवश्यकता पर्छ। नयाँ कानुनको निर्माण, भएका कानुनमा समयानुकुल सुधारले मात्रै सरकारले नागरिकका अपेक्षा पूरा गर्ने गरी काम गर्न सक्छ। तर नयाँ कानुन निर्माणमा संसदमा प्रक्रियागत ढंगले लाग्ने समयमा सरकारले पटक्कै चासो दिएन्। प्राथमिकता दिने भनेका विधेयक अझैसम्म संसदमा प्रवेश नगर्दा सरकारको बोली र व्यवहारमा फरक आएको छ। शासकीय सुधारसम्बन्धी सूचीमा 'निजामती सेवा विधेयक' ४५ दिनभित्र तर्जुमा गर्ने वाचा गरिएको थियो। बुँदा १२ मा 'सार्वजनिक प्रशासनलाई पूर्णतः राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै निष्पक्ष, तटस्थ र नागरिकप्रति उत्तरदायी बनाउने, यसका लागि आवश्यक कानुनी व्यवस्था विशेषतः संघीय निजामती सेवा विधेयक ४५ दिनभित्र तर्जुमा गर्ने' भनिएको थियो। सरकार बनेको झन्डै ६ महिना हुन लाग्दा आफैँले प्राथमिकतामा राखेका विषयमा थुप्रै कानुनी काम बाँकी देखिदा सरकारको कामप्रति प्रश्न उठ्नु स्वभाविक छ। निजामति विधेयक नबन्दा तहगत सरकारमा कर्मचारीको व्यवस्थापनमा समस्या छ। कतै आवश्यक भन्दा बढी कर्मचारी थुप्रिएका छन्, कतै कर्मचारीको अभाव छ। प्रदेश निजामति ऐन बने पनि कार्यान्वयन हुन सकेको छैन। कर्मचारीको वृत्तिविकासलगायतका तमाम समस्याले निजामति कर्मचारीमा निराशा बढेको छ। सरकारले १०० दिनभित्र विद्युतीय शासन तथा डाटा संरक्षण कानुन, सूचना प्रविधि तथा विद्युतीय शासन विधेयक, सहरी विकास र फोहोरमैला विधेयक, राष्ट्रिय सदाचार नीति र सार्वजनिक खरिद ऐन संशोधन, खानी तथा खनिज पदार्थ ऐन, परियोजना सहजीकरण छाता कानुन, कर्पोरेट सामाजिक उत्तरदायित्व कानुन तथा विभिन्न प्रक्रियागत सुधारका लागि कानुन संशोधन तथा निर्माणको समय तोकेको थियो। यी विधेयकपनि प्रक्रियामै अलमलिएका छन्।

कानुन बनाउने संसदले हो। मन्त्रीपरिषद्ले सैद्धान्तिक स्वीकृति दिएपछि सम्बन्धित मन्त्रालयले अघि बढाउँछ। सरकारलाई आवश्यक पर्ने कानुनको मस्यौदा सम्बन्धित मन्त्रालयले कानुन मन्त्रालयको संयोजनमा गर्छ। सरोकारवालाहरुसँग छलफल गरी मस्यौदा गरेपछि मन्त्रीपरिषद्ले संसद पठाउने निर्णय गर्छ। संसदमा दर्ता भएपछि विषयगत समितिमा छलफल हुन्छ। विषयगत समितिको प्रक्रिया पुगेपछि संसद बैठकमा टेबुल हुन्छ। त्यहाँ छलफल भएपछि प्रक्रियागत ढंगले विधेयक पारित हुन्छ। यो प्रक्रिया हेक्का नराखी छोटो समयसीमा तोक्नु सरकारको अपरिपक्क काम हो। संसदीय प्रक्रियालाई बेवास्ता गरेर सरकारले संसद बैठक अन्त्य भएपछि धमाधम अध्यादेश ल्याएर कानुन निर्माण गर्ने रणनीति बनाएको देखिन्छ। पहिले केही अध्यादेश ल्याएको थियो। अहिले पनि संसद बैठक अन्त्य हुने बित्तिकै अध्यादेश ल्याउने तयारी भएको बुझिन्छ। सरकारले छाटो बाटो खोजेको हो भने त्यो झन गलत छ। संसदलाई बेवास्ता गरेर सरकार अघि बढ्दा त्यसले प्रणालीलाई सही बाटोमा लैजादैन्। बरु कानुन निर्माणको संसदीय बाटोलाई छरितो बनाउँदै अघि बढ्दा परिपक्क काम हुन्छ। संसदको प्रमुख कामलाई बेवास्ता गरेर संसदलाई कामविहिन बनाउने र पंगु बनाउने सरकारको काम गलत छ।

# गरिबको स्वास्थ्यमा पहुँच : कागजमा अधिकार, अस्पतालको ढोकामा बोझ



खिलेन्द्रहरि लुईटेल

स्वास्थ्य प्रणालीको सफलता अस्पतालको संख्या, भवनको आकार वा बजेटको प्रतिशतले होइन; संकटको घडीमा सबैभन्दा विपन्न नागरिकले कति सहज, सुलभ र सम्मानजनक उपचार पायो भन्ने आधारमा मापन हुनुपर्छ। संविधानको स्वास्थ्य अधिकार त्यतिबेला मात्रै सार्थक हुन्छ जब अस्पतालको ढोकामा पुगेको गरिब नागरिकले आफूलाई राज्यको बोझ होइन अधिकार सम्पन्न नागरिकका रूपमा अनुभूत गर्न सक्छ।

स्वास्थ्य सेवा पाउनु नागरिकको नैसर्गिक अधिकार हो। नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा स्वीकार गरेको छ। धारा ३५ ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई वञ्चित गर्न नहुने व्यवस्था गरेको छ। जनस्वास्थ्य सेवा ऐन, २०७५ ले पनि यही प्रत्याभूति दोहोऱ्याएको छ।

संविधान र कानुनमा लेखिएको अधिकार अस्पतालको ढोकासम्म आइपुग्दा नागरिकले कति अनुभूत गर्छ त ? यही प्रश्न सप्तरीको एउटा घटनाबाट फेरि राष्ट्रिय बहसको विषय भएको छ।

राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अस्पताल परिसरबाहिर ३० वर्षीया बबिता कुमारी पासवानले बच्चा जन्माउनुपरेको घटनाले स्वास्थ्य सेवामा पहुँचको गम्भीर प्रश्न उठाएको छ। परिवारले आर्थिक अभावका कारण अस्पतालले भर्ना गर्न नमानेको आरोप लगाएको छ भने अस्पताल प्रशासनले त्यसलाई अस्वीकार गरेको छ। घटनाबारे मन्त्रालय, नेपाल मेडिकल काउन्सिल र स्थानीय तहबाट छुट्टाछुट्टै छानबिन भइरहेको छ। त्यसैले अन्तिम निष्कर्षअघि दोष निर्धारण गर्नु उचित हुँदैन। तर एउटा प्रश्न भने छानबिनभन्दा पनि ठूलो छ – आकस्मिक अवस्थामा गरिब नागरिकको स्वास्थ्य अधिकार व्यवहारमा कति सुरक्षित छ ?

**अधिकारको कागज र व्यवहारको दूरी**

स्वास्थ्य सेवा अस्पताल, चिकित्सक र औषधिमा सीमित विषय होइन। यो जीवन, सम्मान, अवसर र सामाजिक न्यायसँग जोडिएको आधारभूत अधिकार हो।

स्वास्थ्य सेवामा पहुँच भन्नाले अस्पताल पुग्नुमात्र नभएर समयमै उपचार पाउनु, खर्च धान्न सक्नु, आवश्यक औषधि र परीक्षण उपलब्ध हुनु, दक्ष स्वास्थ्यकर्मी भेटिनु, सहज प्रेषण प्रणाली हुनु र सम्मानपूर्वक व्यवहार पाउनु पनि हो। त्यसैले स्वास्थ्य पहुँचका चार आधारभूत स्तम्भ हुन् – समयबद्धता, आर्थिक सुलभता, गुणस्तर र सम्मान।

अस्पताल नजिकै भएरमात्र त अधिकार सुनिश्चित हुँदैन। चिकित्सक नहुनु, औषधि नपाइनु, परीक्षणका लागि निजी प्रयोगशाला धाउनुपर्ने बाध्यता वा प्रशासनिक प्रक्रियामै अल्झिनुपर्ने अवस्था पनि स्वास्थ्य अधिकारको उल्लङ्घन हो। त्यसैले प्रश्न अस्पताल पुग्यो कि पुगेन नभएर उपचार भयो कि भएन' हुनुपर्छ।

**गरिबी र स्वास्थ्यको दुश्चक्र**

गरिबीले रोग बढाउँछ, रोगले गरिबी बढाउँछ। यही दुश्चक्र विपन्न परिवारको सबैभन्दा ठूलो चुनौती हो।

न्यून आय भएका परिवारमा पोषण, स्वच्छ पानी, सरसफाइ र नियमित स्वास्थ्य परीक्षणको पहुँच सीमित हुन्छ। रोग लागेपछि उपचार खर्च थपिँदा ऋण लिनुपर्ने, दैनिक ज्याला गुम्ने वा सम्पत्ति बेच्नुपर्ने अवस्था आउँछ।

विश्व बैंकका अनुसार सन् २०२३ मा नेपालको कुल स्वास्थ्य खर्चको ५९.३९ प्रतिशत हिस्सा घरपरिवारले आफ्नै खल्तीबाट व्यहोरेका थिए। यो आर्थिक तथ्यांकमात्र होइन। उपचार खर्चकै डरले गरिब नागरिक उपचार ढिल्याउने वा त्याग्ने यथार्थको सूचक हो। त्यसैले समान स्वास्थ्य सेवा भन्नाले सबैलाई एउटै सुविधा नभएर आर्थिक रूपमा कमजोर वर्गलाई अतिरिक्त संरक्षण पनि हो।

**निःशुल्क सेवाको सीमित अर्थ**

सरकारले आधारभूत स्वास्थ्य सेवा निःशुल्क घोषणा गरेको छ। तर घोषणामात्र त पर्याप्त हुँदैन। सरकारी अस्पतालमा औषधि अभाव हुँदा बिरामीले बाहिरबाट किन्नुपर्छ। परीक्षण नभए निजी प्रयोगशाला धाउनुपर्छ। विशेषज्ञ सेवा नभए अर्को अस्पताल जानुपर्छ। यातायात, बसाइ र रोजगारी गुम्दाको भार अन्ततः परिवारकै काँधमा पर्छ।

त्यसैले निःशुल्क स्वास्थ्य सेवाको अर्थ बहिरङ्ग टिकटमा सीमित हुनु हुँदैन। औषधि, परीक्षण, उपचार र परामर्शको वास्तविक उपलब्धतासँग जोडिनुपर्छ।

**स्वास्थ्य बीमा : कार्ड होइन, भरोसा**

स्वास्थ्य खर्चको जोखिम घटाउने प्रभावकारी माध्यम स्वास्थ्य बीमा हो। हाल पाँच सदस्यसम्मको परिवारले वार्षिक ३ हजार ५०० रुपैयाँ योगदान गरी एक लाख रुपैयाँसम्मको उपचार सुविधा पाउन सक्छ। अति गरिब, गम्भीर अपाङ्गता भएका, कुष्ठरोगी, एचआईभी संक्रमित, औषधि प्रतिरोधी क्षयरोगी र ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई योगदानमा पूर्ण सहुलियत छ।

तर बीमाको सफलता कार्ड वितरणको स८्याले मापन हुँदैन। बिरामी अस्पताल पुगेपछि औषधि उपलब्ध छ कि छैन, परीक्षण त्यहीँ हुन्छ कि हुँदैन, विशेषज्ञ सेवा सहज छ कि छैन भन्ने जस्ता प्रश्नको उत्तरले मात्रै बीमाप्रति विश्वास निर्माण गर्छ।

**महिला स्वास्थ्य : मातृत्वभन्दा फराकिलो दृष्टि**

महिला स्वास्थ्यलाई प्रसूतिमा मात्र सीमित गर्नु पर्याप्त छैन। किशोरी स्वास्थ्य, प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य, क्यान्सर, हिंसाजन्य स्वास्थ्य समस्या र वृद्धावस्थासम्म यसको दायरा फैलिएको छ।

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार ९४ प्रतिशत गर्भवतीले कम्तीमा एकपटक दक्ष स्वास्थ्यकर्मीबाट गर्भजाँच गराएका छन् भने करिब ७९ प्रतिशत प्रसूति स्वास्थ्य संस्थामै हुन्छ। यो उल्लेखनीय प्रगति हो।

तर स्वास्थ्य संस्थामा पुग्नुमात्रै सफलता होइन। समयमै उपचार, दक्ष जनशक्ति, रगत, शल्यक्रिया र आकस्मिक प्रसूति सेवाको गुणस्तर सुनिश्चित हुनुपर्छ। राष्ट्रिय मातृ मृत्यु अध्ययनले अधिकांश मातृ मृत्यु प्रसूतिपछिको अवधिमा, विशेषतः अत्यधिक रक्तस्रावका कारण हुने देखाएको छ। त्यसैले अब नीति 'सुरक्षित प्रसूति' बाट 'जीवनचक्रमा आधारित महिला स्वास्थ्य सेवा' तर्फ उन्मुख हुनुपर्छ।

**नसर्ने र मानसिक रोगको बढ्दो भार**

मुटुरोग, मधुमेह, क्यान्सर र दीर्घ श्वासप्रश्वासजन्य रोग नेपालका प्रमुख स्वास्थ्य चुनौती बनेका छन्। विश्व स्वास्थ्य संगठनका अनुसार सन् २०२१ मा कुल मृत्युको करिब ५५ प्रतिशत यिनै रोगका कारण भएको अनुमान छ।

यस्ता रोगले वर्षौंसम्म औषधि, परीक्षण र नियमित उपचार माग गर्छन्। परिवारको कमाउने सदस्य नै बिरामी पर्दा आयको स्रोत कमजोर हुन्छ। त्यसैले स्थानीय स्वास्थ्य संस्थामै रक्तचाप, मधुमेह परीक्षण, प्रारम्भिक जोखिम पहिचान र औषधिको निरन्तर उपलब्धता बलियो बनाउनुपर्छ।

मानसिक स्वास्थ्य पनि उत्तिकै गम्भीर छ। बेरोजगारी, ऋण, हिंसा, दीर्घरोग र सामाजिक असुरक्षाले मानसिक पीडा बढाइरहेको छ। आत्महत्यालाई व्यक्तिगत कमजोरी होइन मानसिक स्वास्थ्य सेवा र सामाजिक सुरक्षाको अभावसँग जोडेर हेर्न आवश्यक छ। प्राथमिक स्वास्थ्य केन्द्रसम्म मानसिक स्वास्थ्य परामर्श र आवश्यक प्रेषण प्रणाली विस्तार गरिनुपर्छ।

**ज्येष्ठ नागरिक र खाद्य सुरक्षाको प्रश्न**

सत्तरी वर्षमाथिका ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था सकारात्मक भए पनि पर्याप्त छैन। घरदैलो स्वास्थ्य सेवा, नियमित औषधि र असहाय ज्येष्ठका लागि विशेष सामाजिक स्वास्थ्य संरक्षण आवश्यक छ। अस्पताल आउन नसक्ने नागरिकलाई राज्यले घरमै पुगेर सेवा दिने प्रणाली विकास गर्नुपर्छ।

स्वास्थ्य अधिकार खाद्य सुरक्षाविना पनि अधुरो रहन्छ। पर्याप्त र सुरक्षित खाना, स्वच्छ पानी र सरसफाइ स्वास्थ्यका आधारभूत पूर्वसर्त हुन्। अस्पताल पुग्नुअघि नागरिकको स्वास्थ्य जोगाउनु पनि राज्यकै जिम्मेवारी हो।

**स्थानीय सरकार र संस्थागत सुधार**

सङ्घीय व्यवस्थापछि स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको शासन हो। त्यसैले स्वास्थ्य चौकी निर्माण गरेर मात्र दायित्व पूरा हुँदैन। स्वास्थ्यकर्मी नियमित छन् कि छैनन्, औषधि उपलब्ध छ कि छैन, दीर्घरोगी र गर्भवतीसम्म सेवा पुगेको छ कि छैन भन्ने सूचकले वास्तविक उपलब्धि देखाउँछन्।

स्थानीय तहले अति गरिब, एकल महिला, अपाङ्गता भएका र जोखिममा रहेका नागरिकको पहिचान गरी स्वास्थ्य सेवासँग जोड्ने सक्रिय भूमिका खेल्नुपर्छ।

अस्पतालमा हुने व्यवहार पनि उपचारकै हिस्सा हो। आर्थिक अवस्था वा पहिरनका आधारमा कुनै बिरामीले अपमान वा उपेक्षा भोग्न नपरोस्। आकस्मिक उपचार धरौटी वा प्रशासनिक प्रक्रियाका कारण ढिलो हुनु हुँदैन। प्रत्येक अस्पतालमा पारदर्शी शुल्क, प्रभावकारी गुनासो व्यवस्थापन, सामाजिक सेवा एकाइ र छिटो प्रेषण प्रणाली अनिवार्य हुनुपर्छ। छानबिन समिति बनाउने तदर्थ अभ्याससभन्दा त्यस्ता घटना हुनै नदिने संस्थागत संयन्त्र बढी आवश्यक छ।

**निष्कर्ष : अधिकार परिणाममा देखिनुपर्छ**

नेपालले मातृ स्वास्थ्य, स्वास्थ्य पूर्वाधार र स्वास्थ्य बिमामा उल्लेखनीय प्रगति गरेको छ। तर गरिब नागरिक उपचारकै लागि ऋणमा डुब्नुपर्ने, औषधि खोज्दै निजी फार्मेसी धाउनुपर्ने र आकस्मिक अवस्थामा अन्योल भोग्नुपर्ने यथार्थ अझै हटेको छैन।

सप्तरीको घटना प्रतिनिधि दृष्टान्तमात्रै हो। यसले राज्यलाई सोधेको प्रश्न स्पष्ट छ – संविधानले दिएको स्वास्थ्यको मौलिक हक अस्पतालको ढोकामा पुगेपछि पनि जीवित रहन्छ कि रहँदैन ?

स्वास्थ्य प्रणालीको सफलता अस्पतालको संख्या, भवनको आकार वा बजेटको प्रतिशतले होइन; संकटको घडीमा सबैभन्दा विपन्न नागरिकले कति सहज, सुलभ र सम्मानजनक उपचार पायो भन्ने आधारमा मापन हुनुपर्छ।

संविधानको स्वास्थ्य अधिकार त्यतिबेला मात्रै सार्थक हुन्छ जब अस्पतालको ढोकामा पुगेको गरिब नागरिकले आफूलाई राज्यको बोझ होइन अधिकार सम्पन्न नागरिकका रूपमा अनुभूत गर्न सक्छ। बाह्रखरीबाट

# विकास हाइड्रोपावरले सेयरधनीलाई १०.५२ प्रतिशत लाभांश दिने




काठमाडौं। विकास हाइड्रोपावरले सेयरधनीलाई १०.५२ प्रतिशत लाभांश दिने भएको छ।

हाइड्रोपावरको सञ्चालक समितिको बुधबार बसेको बैठकले चुक्ता पुँजीको १० प्रतिशत बोनस सेयर र त्यसको कर प्रयोजनका लागि ०.५२ प्रतिशत नगद लाभांश दिने निर्णय गरेको हो।

हाइड्रोपावरको चुक्ता पुँजी हाल ९० करोड ९१ लाख रुपैयाँ रहेको छ। १० प्रतिशत बोनस सेयर वितरण गर्न कम्पनीले विद्युत् नियमन आयोगबाट स्वीकृति पाइसकेको छ।

अब कम्पनीको साधारण सभाबाट लाभांश प्रस्ताव पारित भएपछि सेयरधनीले बोनस सेयर पाउनेछन्।

# कस्ता खानेकुराले बिगार्छ कलेजो ?

कलेजो शरीरको सबैभन्दा महत्त्वपूर्ण अंग हो। मस्तिष्कजस्तै संवेदनशील र जटिल अंग हो कलेजो। कलेजोको मुख्य काम शरीरको विषाक्त पदार्थ बाहिर निकाल्नु हो। यसका साथै, यसले पाचन प्रक्रिया र मेटाबोलिज्मलाई सन्तुलनमा राख्छ।

अत्यधिक चिल्लो, जंकफुड, प्रशोधित र चिनीयुक्त खानेकुराहरू, मदिरा, तथा विषादीयुक्त वा सडेगलेका आहारले कलेजो बिगार्ने कलेजो रोग विशेषज्ञ डा. पुकार थापा बताउँछन्।

यस्ता खानेकुराले कलेजोमा बोसो जम्मा गराउने (फ्याटी लिभर) र कलेजोको कोषिकालाई नोक्सान पुऱ्याउने गर्छन्।

**कलेजोलाई नोक्सान गर्ने प्रमुख खानेकुराहरू:**

**जंकफुड तथा फ्याटयुक्त खानेकुराः**



बर्गर, चाउमिन, पिज्जा र तारेका वा भुटेका खानेकुरा।

**चिनीयुक्त पदार्थः**

कोल्ड ड्रिंक्स, प्याकेटका जुस, चकलेट र गुलियो मिठाई।

**बढी नुन र प्रशोधित खानाः**

प्याकेटबन्द खाना, चाउचाउ, अचार र इन्स्ट्यान्ट नुडल्स।

**मदिरा (रक्सी):**

नियमित वा अत्यधिक मदिरा सेवन।

**विषादीयुक्त तरकारी/फलफूलः**

रासायनिक मल र कीटनाशक औषधि प्रयोग गरिएका अन्न तथा सागपात।

**रिफाइन गरिएको मैदाः**

सेतो पीठो र त्यसबाट बनेका बेकरी तथा केकका परिकार।

# ज्ञानज्योति पुस्तकालयले असोज ११ मा नाटक प्रतियोगिता गर्दै




बुटवल । देशको विषम परिस्थितिका कारण बुटवलमा स्थगित गरिएको माध्यमिक विद्यालयस्तरीय नाटक प्रतियोगिता असोज ११ गते हुने भएको छ। बुटवल-८, सुख्खानगरस्थित ज्ञानज्योति पुस्तकालयले १९औं राष्ट्रिय पुस्तकालय दिवस तथा गणेश पाण्डे बासु स्मृति दिवसको अवसरमा प्रतियोगिता आयोजना गर्न लागेको हो ।

प्रतियोगिता तिलोत्तमास्थित सिद्धार्थ इङ्लिस बोर्डिङ स्कुलको कार्यक्रम हलमा हुनेछ । यसअघि प्रतियोगिता भदौ १३ गते आयोजना गर्ने तयारी गरिएको थियो । तर भोटेकोसी नदीमा आएको भीषण बाढीका कारण ठूलो जनधनको क्षति भएपछि शोकस्वरुप कार्यक्रम स्थगित गरिएको थियो । प्रतियोगितामा रूपन्देही जिल्लाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा ९ सम्म अध्ययनरत विद्यार्थीले सहभागिता जनाउन सक्नेछन् ।

प्रतियोगिताका लागि पुस्तकालयले विद्यालय तथा विभिन्न संघसंस्थालाई पत्राचार गरिसकेको जनाएको छ। पुस्तकालयका व्यवस्थापक प्रकाश सुवेदीले प्रतियोगिताको तयारी अघि बढाइएको जानकारी दिए ।

ज्ञानज्योति पुस्तकालयले हरेक वर्ष विभिन्न साहित्यिक तथा सिर्जनात्मक कार्यक्रम गर्दै आएको छ । भानुजयन्तीको अवसरमा माध्यमिक विद्यालयस्तरीय रामायण वाचन प्रतियोगिता आयोजना गर्दै आएको छ ।

त्यस्तै, पुस्तकालय दिवसका अवसरमा आधारभूत तहस्तरीय गाउँ खाने कथा प्रतियोगिता पनि हुँदै आएको छ। केही वर्ष नाटक प्रतियोगिता समेत आयोजना गरिएको पुस्तकालयले जनाएको छ ।

२०४३ सालमा स्थापना भएको ज्ञानज्योति पुस्तकालयले विभिन्न आरोह-अवरोहका बीच आफ्नो सामाजिक यात्रा अघि बढाउँदै आएको अध्यक्ष टुकबहादुर क्षेत्रीले बताए ।

बुटवलको केन्द्रमा रहेको पुस्तकालय नितान्त सामुदायिक तथा सार्वजनिक प्रकृतिको छ । यहाँ पाठकले सहज रूपमा प्रवेश गरी तोकिएको समयसम्म बसेर स्वअध्ययन गर्न पाउने व्यवस्था छ ।

पाठकको माग र समयअनुकूल प्रविधिको आवश्यकतालाई ध्यानमा राख्दै पुस्तकालयले २०७४ सालदेखि ई-लाइब्रेरीसमेत सञ्चालन गर्दै आएको अध्यक्ष टुकबहादुर क्षेत्रीले बताए । पुस्तकालयले अध्ययन संस्कृतिको विकाससँगै विद्यार्थी तथा युवालाई साहित्य र सिर्जनात्मक गतिविधिमा जोड्ने उद्देश्यले यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै आएको अध्यक्ष क्षेत्रीको भनाइ छ ।

---

**कारबाही...**

स्रोत उल्लेख नगर्ने सर्तमा एक अनलाइनले एकजना सांसदमार्फत उक्त ह्वाट्सएप ग्रुपको कुराकानीबारे सविस्तार समाचार लेखेको थियो ।

ग्रुपमा गुरूङले धितालालाई मेन्सन गर्दै लेखेका थिए क्रान्तिशिखा, थाहा नभएको कुरा किन बोलेको ?' त्यसपछि उनले नयाँ बानेश्वरको कार्यक्रम सहिद तथा घाइते परिवारले आफ्नो तरिकाले आयोजना गरेको दाबी गरेका थिए ।

तर त्यसपछि गुरूङको भाषा थप आक्रामक हुँदै गएको र उनी हेपाहा शैलीमा प्रस्तुत भएको थिए ।

'खोला तर्‍यो, लौरो बिर्सने मान्छेहरूका लागि हामीले आन्दोलन गरेको होइन,' उनले लेखेका थिए -'म यही कुरा सदनमा भन्नेवाला छु। सबैको अगाडि स्ट्याटस लेख्ने मान्छेले सुन्ने हो अब ।'

धितालले आन्दोलनको मर्म नबुझेको आरोप लगाउँदै गुरुङले आन्दोलनमा ज्यान फालेर आएका आफ्ना अन्य सांसदसँग उनको तुलना गरेका छन् । 'न आन्दोलनको मर्म थाहा छ, न आन्दोलनमा ज्यान फालेर हाम्रा अरू सांसदजस्तो आएको छ । बुझ्नु पनि छैन, सोध्नु पनि छैन । प्याच्च पारेर स्ट्याटस लेखेर आफ्नै पार्टी, आफ्नै साथीहरूलाई कमजोर देखाउन खोज्ने ?' -उनले लेखेका थिए ।

गुरूङले तपाईं पार्टीको कुरा गर्नुहुन्छ तर हाम्रोबारेमा बोल्नका लागि हामीलाई तपाईं चाहिँदैन भनेर समेत लेखेका थिए । गृहमन्त्री लगातार हेपाहा शैलीमा प्रस्तुत भएपछि क्रान्तिशिखाले पनि कडा जबाफ फर्काएकी थिइन् ।

'गृहमन्त्रीज्यू, तपाईंको तमिज भएन' उनले लेखेकी थिइन् । त्यसपछि उनले जेनजी आन्दोलनको स्वामित्व कुनै एक व्यक्तिले लिन नसक्ने भन्दै गुरूङलाई सचेत गराएकी छन् । 'अपराधीलाई छेउमा राखेर जेनजीको माग पूरा हुन्छ र जेनजीको आन्दोलन तपाईं एक्लैको हो भन्ने लाग्छ भने भ्रमबाट निस्कनुहोस्,' धितालले लेखेकी थिइन्-'सि यू इन द पार्लियामेन्ट । आइ फिल पिटी फर यू ।'

धितालको उक्त जबाफपछि गुरूङले तमिज सिकाउनु पर्दैन मलाई लेखेका थिए । त्यसपछि गुरुङले फेरि खोला तरेर लौरो बिर्सने भन्दै धितालालाई प्रश्न गरेका थिए।

'कसरी आयौ (संसदमा) नबिर्सौं, हाहा.... के तिमीले हाम्रो साथमा लडेकी हौ ? तिमी कहाँ थियौ ? जेनजीले ६ महिना सरकार चलाउँदा कहाँ थियौ ? अहिले पाकेको फल खाएर ठूला कुरा गर्ने ?' उनले लेखेका थिए।

हामीजस्तो लडेर आएको भए पो थाहा हुन्छ यो सरकारको महत्व । तमिज सिकाउने रे ... आफै बस्ने तमिजमा, बुझ्यौ,' उनले लेखेका थिए।

गृहमन्त्री गुरुङले यसरी आफ्नै दलकी सांसदलाई हेपाहा शैलीमा अपमानजनक व्यवहार गरेका र क्रान्तिशिखालाई संसद भवनबाट घिसार्ने धम्की दिनेहरुले खुलेर गृहमन्त्रीको बचाउमा अभिव्यक्ति दिएको हुंदा त्यस्तो धम्की दिनेहरु र गृहमन्त्री गुरुङबीच गोप्य सांठगांठ भएको रास्वपा र राजनीतिक वृत्तमा आशंका गरिएको छ।

**रास्वपाको...**

संविधानले विभिन्न शक्ति र संस्थाबिच कायम गरेको सन्तुलनलाई समयअनुसार परिमार्जन गर्दै लैजान भने सकिने पुनले स्पष्ट गरे । नयाँ शक्तिलाई पनि त्यही संरचनाभित्र समेट्दै शक्ति सन्तुलन कायम गर्नु संविधानलाई टिकाउ बनाउने बाटो भएको उनको भनाइ छ।

संविधानको निर्माण र त्यसका लागि भएका संघर्ष तथा बलिदानको पृष्ठभूमि बुझेर र त्यसलाई स्वीकार गरेर अघि बढ्न रास्वपालाई पुनले आग्रह गरे ।

'नयाँ साथीहरूमाथि संविधानमा तपाईंहरूको प्रतिबद्धता हो कि होइन भन्ने प्रश्न छ ।'- पुनले भने ।

उनले संविधान निर्माणमा भूमिका खेलेका पुराना दलले पनि संविधानको रक्षाका लागि आवश्यक परिमार्जन कुन विषयमा र किन गर्ने भन्ने स्पष्ट पार्नुपर्ने बताए। राजनीतिक दलले बदलिँदो परिस्थितिअनुसार आफूलाई पनि सान्दर्भिक बनाउँदै लैजानुपर्ने उनको भनाइ थियो ।

पुनले नेपालको संविधान तुलनात्मक रूपमा लचिलो रहेको उल्लेख गर्दै यसको कार्यान्वयनमा भने राज्यका संस्थाहरूको केन्द्रीकृत मानसिकता मुख्य चुनौतीका रूपमा रहेको औंल्याए।

संघीयताले अधिकार प्रदेश र स्थानीय तहमा पुर्‍याए पनि काठमाडौं केन्द्रित प्रशासनिक संरचनामा बस्नेहरु अधिकार हस्तान्तरण गर्न हिच्किचाई रहेको उनको आरोप छ।

**भोटेकोसी...**

केन्द्रीय अध्यक्ष डा. केदार सुवेदीको नेतृत्वमा गएको टोलीले रसुवाको गोसाइँकुण्ड, कालिका, उत्तरगया र नौकुण्ड, धादिङको गल्छी-देवीघाट तथा नुवाकोटको विदुर र बेलकोटगढी क्षेत्रमा अनुगमन गरेको थियो । विशेषगरी गोसाइँकुण्ड र उत्तरगया गाउँपालिकामा मानवीय राहतसँगै पशुपन्छीका लागि औषधि, फिड सप्लिमेन्ट तथा आवश्यक उपकरण हस्तान्तरण गरिएको एशोसिएसनले जनाएको छ।

**बाढी प्रभावित पशु चिकित्सकलाई पनि सहयोग**

बाढीबाट घरबारविहीन भएका एनभीएका सदस्य डा. सुदिप कोइराला र डा. तुल्सिराम गम्पोलाई एशोसिएसनले प्रतिव्यक्ति १ लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ । डा. गम्पोलाई प्रदान गरिएको सहयोग उहाँका बुवामार्फत हस्तान्तरण गरिएको हो।

अध्यक्ष डा. सुवेदीले व्यक्तिगत तर्फबाट समेत दुवै जनालाई प्रतिव्यक्ति १० हजार रुपैयाँ सहयोग गरेका छन् । धादिङको गजुरी-५ निवासी डा. अमृत श्रेष्ठ पनि बाढीबाट प्रभावित भएकाले उनलाई समेत छिट्टै सहयोग उपलब्ध गराउने एशोसिएसनले जनाएको छ।

बाढीले कृषकको प्रमुख आर्थिक आधार मानिएको पशुधनमा ठूलो क्षति पुर्‍याएकाले तत्काल राहतसँगै दीर्घकालीन पुनर्स्थापना कार्यक्रम आवश्यक रहेको एनभीएको भनाइ छ । एशोसिएसनले पशुधन पुनर्स्थापना, संक्रामक रोग नियन्त्रण, पशु स्वास्थ्य सुरक्षा र कृषकको जीविकोपार्जन पुनर्स्थापनाका लागि सरकार तथा सम्बन्धित निकायलाई विशेष कार्यक्रम सञ्चालन गर्न आग्रह गरेको छ।

अनुगमनका क्रममा एशोसिएसनले प्रभावित क्षेत्रमा पशुपन्छीका लागि औषधि तथा फिड सप्लिमेन्ट उपलब्ध गराएको थियो। औषधि सहयोगमा कान्तिपुर भेट डिष्ट्रिब्युटर्स, कान्तिपुर फार्मास्युटिकल्स, तिलिचो ट्रेडिङ र सेफ भेट फार्मा तथा प्राथमिक स्वास्थ्य सामग्रीमा बीएमबी भेटेरिनरी हस्पिटलको सहयोग रहेको एनभीएले जनाएको छ।


## दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



**सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की रुपन्देही जिल्ला सैनामैना नगरपालिका वडा न.-४, निवासी भारतिय भू.पू. सैनिक नं. JC-102783 सुवेदार पदको पेन्सन भएका जइ वीर थापा (Jai Bir Thapa) (ना.प्र. जइवीर तरामु थापा) को श्रीमतिको नेपाली नागरिकता प्रमाणपत्रमा निजको नामथर नरमा तरामु (थापा), जन्ममिति वि.सं. २०११/०४/१७ (तदानुसार ई.स. ०१/०८/१९५४) र निजको पतिको भारतीय पेन्सन अभिलेख डकुमेन्टमा नामथर नर माया, जन्ममिति ई.सं. २९/०७/१९५४ भई नामथर र जन्ममिति फरक फरक उल्लेख भएता पनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरूबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।**

## निक्षेप उपरको हकदाबी सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मितिः २०८३/०२/०६

श्री डिलु राम काफ्लेको नाति श्री महेश्वर काफ्लेको छोरा पर्वत जिल्ला, पैयू गा.पा.वडा नं २ स्थायी ठेगाना भई पर्वत जिल्ला, पैयू गा.पा. वडा नं २ बस्ने ना.प्र.नं. १२६, (पर्वत) भएको श्री निलकण्ठ काफ्लेको नाममा यस विकास बैंकको हुवास शाखा कार्यालयमा बचत खाता नं.०१४०१९०००७६३४३०००००१ रहेकोमा निजको मिति २०८३/०४/१३ मा मृत्यु भएको र निज मृतक निलकण्ठ काफ्लेको नाममा यस विकास बैंकमा रहेको माथि उल्लेखित खाताको रकम भूक्तानीको माग गर्दै पर्वत जिल्ला पैयू गा.पा.वडा नं.०२ बस्ने बस्ने मृतक निलकण्ठ काफ्लेका छोरा नाता पर्ने श्री भूवानन्द काफ्लेले मृतकको मृत्युदर्ता प्रमाण-पत्र (दर्ता नं. २००८१०२४०३४६७-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नू भएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्ने भए सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजातसहित निवेदन दिनूहुन अनूरोध छ। अन्यथा तोकिएको समय भित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज निवेदक श्री भुवानन्द काफ्लेलाई उल्लेखित व्यक्तिको खाताको रकम भूक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

## राष्ट्रिय आवास कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त)

योजना कार्यालय नवलपरासी, बर्दघाट-१

## जगाको हकदावी सम्बन्धी १५(पन्ध्र) दिने सूचना !

सूचना प्रकाशन मितिः२०८३/०६/०२

जिल्ला नवलपरासी साविक नेपाल पुनर्वास कम्पनी हाल राष्ट्रिय आवास कम्पनी लिमिटेड योजना कार्यालय नवलपरासीबाट बिभिन्न नगरपालिका/गाउँपालिकामा साविकमा व्यवस्थित बसोबास गराई जग्गा वितरण गरी बाँकी रहेको जग्गा नापी हुँदा निम्नानुसार किता नं. र क्षेत्रफल यस कम्पनीको नाममा फिल्डबुक कायम भएको भएता पनि सो कित्ता नं. हरुमध्ये निम्नानुसार क्षेत्रफल ऐ.ऐ. बस्ने तपसिलका व्यक्तिले भोग गर्दै आएको उक्त जग्गा दर्ता गरि पाउँभनी सम्बन्धित वडाकार्यालयको सिफारिससहित यस योजना कार्यालयमा निजहरुले निवेदन पेश गरेको हुँदा उक्त जग्गा फुटकर जग्गा बिक्री वितरण सम्बन्धी विनियमावली २०६९ (संशोधन सहित) विनियम ९'ग' उपविनियम ४ बमोजिम यो हकदावीसम्बन्धी १५(पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त जग्गामा कोही कसैको हकदावी वा अन्य कुनै कारणले जग्गा दर्ता सिफारिस दिन नमिल्ने भए यो हकदावीसम्बन्धी सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र स-प्रमाण साथ यस कार्यालयमा सम्पर्क राख्नु होला अन्यथा कम्पनीको नियमानुसार तपसिलका निवेदकहरुको नाममा जग्गा दर्ता सिफारीस भै जाने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**तपसिल :-**

| सि.नं. | नाम थर | ठेगाना | न.सि.नं. | कित्ता नं. | क्षेत्रफल | मध्ये क्षेत्रफल/ब.मी. | चौकिल्ला | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पूर्व | पश्चिम | उत्तर | दक्षिण | |
| १ | सुमित्रा देवी चौधरी<br>पति-मिन बहादुर चौधरी<br>ससुरा-गोबिन्द थारु | सिक्कटहन-६<br>हाल देवदह<br>न.पा.-१२ | सिक्कटहन-६/ङ | ५७ | ०-२-३ | - | बंश व. कठरिया | कन्हई थारु | बसन्त थारु | सार्वजनिक पोखरी | |
| २ | हेमन्त बहादुर घर्ति मगर<br>बाबु-कमान सिं घर्तिमगर<br>बाजे-भिमलाल | सुनवल-७<br>हाल सुनवल<br>न.पा.-७ | सुनवल-७/ङ | ४५ | ०-३-६ | - | हरि पौडेल | कच्ची बाटो | पार्वती बि.क. | आफ्नै भोग | |
| | | | | ४७ | ०-२-१ | - | हरि पौडेल | कच्ची बाटो | प्रेम बि.क. | भक्त ब. चेपाङ्ग | |
| ३ | कृष्ण बहादुर तमाङ<br>बाबु- काले तमाङ<br>बाजे- लाल तमाङ | शिवमन्दिर-२<br>हाल कावासोती<br>न.पा.३ | शिवमन्दिर-२/क | २८ | ०-३-० | - | कच्ची बाटो | सामुदायिक वनको सिमाना | धन माया गुरुङ | सुक ब. गुरुङ | |
| ४ | सेर बहादुर आले<br>बाबु-डिलमान आले<br>बाजे-बिरमान आले | कावासोती-५<br>हाल कावासोती न.पा.-८ | कावासोती-५/ग | ३४ | ०-१६-१५.२५ | ०,०३३८.६३ | नारायण प्र.काफ्ले | बाटो | पक्की बाटो | रजनी आले | |
| ५ | रजनी आले<br>पति- सेर वहादुर आले<br>ससुरा- डिलमान आले | | | | | ०,०३३८.६३ | | बाटो | सेरव. आले | सौरव आले मगर | |
| | | | | | | ०,०३३८.६३ | | बाटो | रजनी आले | अमन आले | |
| ६ | सौरव आले मगर<br>बाबु-सेर वहादुर आले<br>बाजे-डिलमान आले | | | | | ०,०३३८.६३ | | बाटो | सौरव आले मगर | सेर व. आले | |
| ७ | अमन आले<br>बाबु-सेर वहादुर आले | | | | | ०,०३४१.४५ | | उमादेवी पुन मगर | सेर व. आले | हेमा डुम्रे | |
| ८ | बाजे-डिलमान आले<br>लाङ्घाली एकता समाज | | | | | | | | | | |

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

# अर्घाखाँचीबाट यातायात व्यवस्थाको सेवा सुरु



अर्घाखाँची । अर्घाखाँचीबाट यातायात व्यवस्था कार्यालयको सेवा बिहीबारदेखि सुरु भएको छ । पहिलो चरणमा लुम्बिनी प्रदेशभित्र सञ्चालन हुने सवारीसाधनका लागि अस्थायी बाटो इजाजतपत्र (पटके) सेवा प्रदान गर्न थालिएको हो । प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले पहिलो दुई जना सेवाग्राहीलाई अस्थायी बाटो इजाजतपत्र प्रदान गर्दै सेवाको शुभारम्भ गरेका हुन् ।

यातायातसम्बन्धी सेवा लिन अन्य जिल्लामा जानुपर्ने बाध्यता हटाउँदै जिल्लाबाटै सेवा उपलब्ध गराउने उद्देश्यले सेवा सुरु गरिएको छ । यसबाट अर्घाखाँचीका नागरिकलाई यातायातसम्बन्धी सेवा प्राप्त गर्न सहज हुने अपेक्षा गरिएको छ ।

प्रदेश सरकारले दिएको कार्यादेशअनुसार आम नागरिकलाई सहज, छरितो र प्रभावकारी ढङ्गले सेवा उपलब्ध गराउन प्रतिबद्ध रहेको घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँचीका प्रमुख दुर्गा न्यौपानेले बताए । उनले कार्यालयबाट प्रदान गरिने सेवालाई व्यवस्थित र नागरिकमैत्री बनाउँदै सेवाग्राहीलाई अनावश्यक झन्झट नहुने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

# ग्यासको मूल्य दुई हजार ६० मात्र : संघ



बुटवल । नेपाल एलपी ग्यास उद्योग संघले काठमाडौं उपत्यकामा प्रतिसिलिन्डर ग्यास दुई हजार ६० रुपैयाँमा बिक्री वितरण गर्न उद्योगीहरूसँग आग्रह गरेको छ ।

बिहीबार विज्ञप्ति प्रकाशित गरी संघले यस्तो आग्रह गर्दै आ-आफ्ना वितरकलाई जानकारी गराउन भनेको छ । 'काठमाडौँ उपत्यकामा एलपी ग्यास बजारीकरण गर्नु हुने सबै ग्यास उद्योगीहरुलाई मिति २०८३/६/२ गते शुक्रबारदेखि लागू हुनेगरी निगमले तोकेको प्रति सिलिन्डर रु २,०६० (अक्षरेपी दुई हजार साठी रुपैयाँमात्र)मा नबढाई ग्यास बिक्री वितरण गर्नु हुन र आ-आफ्ना बिक्रेताहरूलाई जानकारी गराउनु हुन अनुरोध गर्दछ' अध्यक्ष दिवान चन्दद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

यसअघि भदौ १४ गते कृष्णभीर क्षेत्रमा त्रिशूलीको बाढीका कारण पहिरो गएर सडक अवरुद्ध हुन पुगेकोपछि उद्योगीहरुले मकवानपुर, पर्सा, बारा, चितवन, नवलपरासी र धनुषामा रहेका ग्यास उद्योगहरुमा सिलिण्डर रिफिल गरी ट्रकहरुमार्फत वैकल्पिक मार्गबाट ल्याई काठमाडौँ उपत्यकामा ग्यास बिक्री वितरण गर्दै आइरहेका थिए ।

त्यसक्रममा संघले भदौ १८ गते प्रेस विज्ञप्ति जारी गरी काठमाडौँ उपत्यकामा निगमले तोकेको प्रति सिलिण्डर दुई हजार ६० रुपैयाँमा १०५ रुपैयाँ ३८ पैसा ढुवानी भाडा थप गरी २,१६५ रुपैयाँ ३८ पैसामा ग्यास बिक्री वितरण गर्न अनुरोध गरेको थियो । हाल अवरुद्ध सडक खण्डमा वैकल्पिक ट्र्याक खोली यातायात सूचारु भएसँगै एलपी ग्यास बुलेटहरु पनि काठमाडौँ आउन थालेकाले साविककै मूल्यमा ग्यास बिक्री गर्न संघले आग्रह गरेको हो ।

# युवा उद्यमशीलता र स्टार्टअप सपोर्टबारे अन्तरसंवाद

बुटवल । रुपन्देही व्यापार संघको आयोजनामा युवा उद्यमशीलता तथा स्टार्टअप सपोर्टसम्बन्धी अन्तरसंवाद कार्यक्रम बिहीबार सम्पन्न भएको छ । युवालाई व्यवसायमा प्रवेश गर्न प्रोत्साहित गर्ने, नयाँ व्यवसाय तथा उद्यमका सम्भावना पहिचान गर्ने र स्टार्टअपका लागि आवश्यक सहयोग तथा सहजीकरणका विषयमा छलफल गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक भैरहवाका उपनिर्देशक छविलाल घिमिरेले वित्तीय अनुशासन र बजारको अध्ययनबिना कुनै पनि व्यवसाय सफल हुन नसक्ने बताए । व्यवसाय सुरु गर्नुअघि वित्तीय साक्षरता, बजारको अवस्था र लगानीको प्रतिफलबारे स्पष्ट हुनुपर्ने उनको भनाइ थियो । 'व्यवसायलाई सफल बनाउन वित्तीय साक्षरता जरुरी छ । बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण सदुपयोग भएमा मात्रै लगानीको प्रतिफल प्राप्त हुन्छ र त्यसले व्यवसायीलाई सफल उद्यमी बन्न सहयोग गर्छ,' उनले भने-'पछिल्लो समय केही ऋणीका कारण बैंक तथा वित्तीय संस्थामा खराब कर्जा बढ्दै गएको छ । यसले वित्तीय संस्थामाथि समेत चुनौती थपिएको छ ।'

यूवाको बढ्दो विदेश पलायन रोक्ने उद्देश्यले सरकारले तीन वर्षअघि स्टार्टअप कार्यक्रम ल्याएको उनले बताए । नेपालमा रोजगारीका सम्भावना हुँदाहुँदै पनि वर्षेनी ठूलो संख्यामा युवा विदेश पलायन भइरहेको उनको भनाइ थियो । 'नेपालमा वार्षिक करिब पाँच लाख युवा रोजगारीका लागि श्रम बजारमा प्रवेश गर्छन् । तर, नेपालका उद्योग तथा व्यवसायमा करिब एक लाख युवाले मात्रै रोजगारी पाउने अवस्था छ,' उनले भने-'बाँकी युवाले स्वदेशमा सम्भावना नदेखेर विदेश जाने अवस्था छ ।' विदेशमा गएर जस्तोसुकै काम गर्न तयार हुने, तर स्वदेशमा सामान्य काम गर्न हिचकिचाउने प्रवृत्ति रहेको भन्दै उनले युवालाई विदेश जाने सौँच त्यागेर स्वदेशमै उद्यम गर्नतर्फ लाग्न आग्रह गरे ।

राज्यले व्यवसायीलाई मनोवैज्ञानिक रूपमा सुरक्षित महसुस गराउन नसक्दा बैंकबाट ऋण लिएर व्यवसायमा लगानी गर्ने वातावरण बन्न नसकेको उनको भनाइ थियो । 'पछिल्लो समय बैंकमा अर्बौं रुपैयाँ थुप्रिएको छ । तर, बैंकबाट ऋण लिएर लगानी गर्न चाहने व्यवसायी भेटिँदैनन् ।'- उनले भने । युवालाई विभिन्न शीर्षकमा विनाधितो ऋण सुविधा उपलब्ध गराउँदै आएको उल्लेख गर्दै उनले स्वदेशमै उद्यम गर्न चाहने युवालाई आवश्यक सहजीकरण गर्न आफूहरू तयार रहेको बताए ।

कार्यक्रममा गरिमा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद उपाध्यायले युवाले नकारात्मक सौँच त्यागेर स्वदेशमै उद्यम गर्ने योजनाका साथ अघि बढ्नुपर्ने बताए । 'नेपालमै उद्यम गर्नका लागि प्रशस्त सम्भावना छन्,' उनले भने-'विलासी जीवनशैली र स्वतन्त्रताको खोजीका कारण वर्षेनी विदेश पलायन हुने युवाको संख्या बढ्दो छ ।' थोरै लगानीबाट सुरु गरेको सामान्य व्यवसायले पनि छोटो समयमै सफलता हासिल गर्न सक्ने भन्दै उनले व्यवसाय सुरु गर्ने सोचसँगै धैर्यता र निरन्तरता आवश्यक रहेको बताए ।

संघका सल्लाहकार तथा उद्यमशीलता अभियन्ता प्रा.मुकुन्द ज्ञवालीले लगानी, वित्तीय व्यवस्थापन, उत्पादन र बिक्रीको सुनिश्चितता भएमा मात्रै व्यवसायमा सफल हुन सकिने बताए । उनले स्टार्टअप कर्जाबारे जानकारी गराउँदै त्यसका लागि आवश्यक नीति, नियम, प्रक्रिया र छनोट विधिबारे जानकारी दिएका थिए । उनका अनुसार पछिल्लो तीन वर्षको अवधिमा एक हजार ६८७ जना यूवाले स्टार्टअप कर्जा प्राप्त गरेका छन् ।

# निलम्बन फुकुवा गर्न एन्फाको माग

बुटवल । अखिल नेपाल फुटबल संघ (एन्फा) ले सरकारले निलम्बन फुकुवाका लागि ठोस निर्णय नगरे सोमबारदेखि फिफाको निर्देशनअनुसार आफ्ना गतिविधि सुरु गर्ने जनाएको छ ।

एन्फाका प्रमुख कार्यकारी अधिकृत (सीईओ) इन्द्रमान तुलाधरले शुक्रबार पत्रकार सम्मेलनमा एकेडेमीमा रहेका खेलाडीहरूको भविष्य जोखिममा परेको भन्दै सरकारले तत्काल पहल गर्नुपर्ने बताएका हुन् ।

'शुक्रबारसम्म सरकारबाट सकारात्मक कुरा आयो भने साफमा सहभागिता जनाउन पनि पाउँछौं होला, अन्यथा यस्तो विकराल समस्याहरू भइरहेका छन्, सोमबारदेखि हामी फिफाको निर्देशनअनुसार गतिविधि सुरु गर्छौं ।'- तुलाधरले भने । उनले एन्फा एकेडेमीका बाल खेलाडीहरूको पढाइ र आवाससम्बन्धी समस्या बढ्दै गएको पनि बताए । 'एकेडेमीमा रहेका बच्चाहरूको पढाइ र खानाको समस्या भइरहेको छ, खाना नै नदिइकन राख्ने कुरा पनि भएन ।'- उनले भने । तुलाधरका अनुसार सरकारले निलम्बन फुकुवाका लागि गर्ने कुनै पनि पहलमा एन्फाले पूर्ण साथ दिनेछ । तर कुनै प्रगति नभए फिफाको नियमअनुसार दैनिक फुटबल गतिविधि अघि बढाइने उनले स्पष्ट पारे ।

'सरकारले गर्ने पहलमा हाम्रो पनि साथ रहनेछ, केही पहल भएन भने फिफाको नियमअनुसार दैनिक गतिविधि अगाडि बढाउँछौं ।'- उनले भने ।

तेस्रो पक्षको हस्तक्षेप भएको भन्दै फिफाले गत असारमा एन्फालाई निलम्बन गरेपछि नेपाली फुटबल अन्तर्राष्ट्रिय गतिविधिबाट बाहिर छ ।

# अटोभिलेजमा १५ सय बढी सवारी साधनको पूजा

बुटवल । विश्वकर्मा पूजाको अवसरमा बुटवलको मैनाबगरस्थित बुटवल अटो इञ्जिनियरिङ एसोसिएसनले सञ्चालन गरेको विश्वकर्मा बाबा मन्दिरमा विशेष पूजाआराधना सम्पन्न भएको छ ।

विश्वकर्मा पूजाका अवसरमा देशभर रहेका विश्वकर्मा बाबा मन्दिरहरूमा पूजा भइरहेको भए पनि मैनाबगरस्थित विश्वकर्मा बाबा मन्दिर नेपालकै ठूलो विश्वकर्मा मन्दिरका रूपमा रहेको एसोसिएसनका अध्यक्ष प्रेम गौचनले बताए ।

मन्दिरमा मात्रै बुधबार १५ सयभन्दा बढी सवारी साधनले पूजा गरेको बुटवल अटो इन्जिनियरिङ एसोसिएसनका सदस्य एवं कार्यक्रम संयोजक गणेश तिमिल्सिनाले बताए । उनका अनुसार सवारी साधनको सुरक्षा, प्रगति र व्यवसायिक सफलताको कामना गर्दै सवारीधनी तथा चालकहरूले आफ्ना सवारीसहित मन्दिरमा पुगेर पूजा आराधना गरेका थिए ।

विश्वकर्मा पूजाकै अवसरमा मैनाबगर अटो भिलेज क्षेत्रका व्यवसायीहरूले पनि आफ्ना व्यवसायिक प्रतिष्ठानमा विश्वकर्मा भगवानको पूजा गरेका छन् । अटो व्यवसायसँग जोडिएका व्यवसायी, मेकानिक तथा श्रमिकहरूले आफ्ना औजार, मेसिनरी सामग्री र व्यवसायिक उपकरणको पूजा गर्दै विश्वकर्मा दिवस मनाएका हुन् । अटो क्षेत्रका व्यवसायीहरूका लागि विशेष महत्व राख्ने यस पर्वमा मैनाबगर क्षेत्रमा बिहानैदेखि चहलपहल देखिएको थियो ।


## नगरवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराइ, विवाह दर्ता, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौँ ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधैं सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- गाउँमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।

मोहन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

जीवलाला खरेल जीवन
नगर प्रमुख

मुसीकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, वामिटक्सार गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



## गाउँवासीहरूमा हार्दिक अनुरोध

- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधैं सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- नगरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।

भेषराज काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

सावित्रा कोइराला
का.वा. अध्यक्ष

कालीगण्डकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, पूर्तिघाट गुल्मी
लुम्बिनी प्रदेश, नेपाल



## संविधान दिवस भब्य रुपमा मनाऔं

- संविधान देशको मुल कानून हो,
- नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
- नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
- संविधान प्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
- संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
- विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।
- संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड



## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/
अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com